# बोनस शेयर अभौतिकीकरण गर्ने सम्वन्धी अत्यन्त जरुरी सूचना

सानिमा बैंक लिमिटेडको मिति २०७३/०६/२८ गते सम्पन्न १२औं वार्षिक साधारण सभाबाट पारित भएको १५ प्रतिशत बोनस शेयर नेपाल स्टक एक्सचेन्ज लि. र सिडिएस एण्ड क्लियरिङ्ग लि. मा सूचिकृत तथा दर्ता भएको व्यहोरा जानकारी गराउँदछौ ।

मिति २०७३/०६/१३ गतेसम्ममा आफ्नो नाममा कायम शेयरहरु अभौतिकीकरण गराएका उक्त बैंकका शेयरधनी महानुभावहरुको उक्त बोनस शेयर मिति २०७३/१०/११ गते सम्बन्धित शेयरधनीको हितग्राही खातामा जम्मा गरिसकेको तथा मिति २०७३/०६/१३ गते पश्चात् आफ्नो शेयर अभौतिकीकरण गराएका शेयरधनीहरुको हकमा सोही हितग्राही खातामा बोनस शेयर जम्मा हुने व्यवस्था गरिएको हुँदा हालसम्म पनि शेयर अभौतिकीकरण नगर्नु भएका उक्त बैंकका शेयरधनी महानुभावहरुले बैंकको शेयर रजिष्ट्रार यस सानिमा क्यापिटल लिमिटेड, नक्साल, काठमाडौंमा सम्पर्क राखि आफ्नो शेयर अभौतिकीकरण गराई बोनस शेयर समेत अभौतिक रुपमा प्राप्त गर्न सकिने व्यहोरा जानकारीका लागि अनुरोध गर्दछौं ।

साथै उक्त बैंकको शेयर धितो बन्धक राखी कर्जा दिएको भएमा सम्वन्धित बैंक तथा वित्तीय संस्थाहरुले उक्त बोनस शेयर रोक्का गर्नका लागि निक्षेप सदस्यमा सम्पर्क गरि आवश्यक प्रकृया पुरा गरि निज ऋणीहरुको बोनस शेयर रोक्का राख्न हुन समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।

**नोटः** सानिमा बैंकको २:१ को अनुपातमा निष्काशन भएको हकप्रद शेयरको बाँडफाँट भई हितग्राही खाता भएका शेयरधनीहरूको हकमा सम्वन्धित हितग्राही खातामा शेयर जम्मा गरि सकेको र हितग्राही खाता नहुनेहरूको हकमा त्यस्ता शेयरधनीहरूले हितग्राही खाता नं. प्रमाणित गर्ने विवरण, हकप्रद शेयर बुझाएको सक्कल अर्धकट्टी सहित यस बैंकको शेयर रजिष्ट्रार श्री सानिमा क्यापिटल लिमिटेडमा आवेदन दिनुहुन अनुरोध गरिन्छ ।

**शेयर रजिष्ट्रार**

**Sanima Bank**
'A' Class Financial Institution Licensed by Nepal Rastra Bank

**Sanima Capital**
(A wholly owned subsidiary of Sanima Bank Ltd.)

नक्साल, काठमाण्डौ, फोनः +९७७-४४२८९५६/५७, फ्याक्सः ४४२८९५८
इमेलः sanimacapital@sanimabank.com वेवसाइटः www.sanima.capital